## गाउँसभाको अठारौ अधिवेशनको दोस्रो बैठकका निर्णयहरु

**निर्णय नं. १ बजेट तथा विधेयक सम्बन्धमा :-**

- उपाध्यक्ष, श्री हरि प्रसाद पाठकज्यूले प्रस्तुत गर्नु भएको निम्न विधेयक सर्वसम्मत पास गर्ने निर्णय गरियो ।

निम्न

क) आ.व.२०८२/०८३ को आय-व्ययको अनुमान(बजेट)
ख) विनियोजन विधेयक, २०८२
ग) आर्थिक विधेयक, २०८२
माथि उल्लिखित क, ख र ग को विवरण क्रमशः अनुसुची १, २ र ३ मा समावेश गरिएको छ ।

**निर्णय नं. २ आय/व्यय सम्बन्धमा :-**

चालु आ.व. ०८१/८२ को आम्दानी तथा खर्चको संशोधित आय/व्ययको विवरण र आगामी आ.व.२०८२/०८३ का लागि यस गाउँपालिकाको अनुमानित आय/व्यय सहितको योजना, कार्यक्रम र वजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ संशोधन सम्बन्धमा :-**

आ.व.२०८२/०८३ को बजेट, नीति तथा कार्यक्रममा आवश्यकता र औचित्य अनुसार आवश्यक संशोधन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ अर्थ विधेयक सम्बन्धमा :-**

यस वगनासकाली गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ विधेयक सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्नका लागि आय संकलन तर्फ स्थानीय राजश्व, कर, शुल्क तथा दस्तुर लिने, छुट दिने वारे गाउँसभा बैठकमा छलफल हुँदा गत आ.व. ०८१।०८२ मा कायम गरीएको करका दर, दस्तुर तथा शुल्कका कारण आम नागरिकमा पर्न गएको आर्थिक भारको असर सम्बन्धमा स्थानीय जनताबाट करका दर, दस्तुर तथा शुल्क धेरै नै बृद्धि भएको जुन स्थानीय जनताले तिर्न सक्ने क्षमता नरहेको भन्ने व्यापक जनगुनासो आएको र स्थानीय जनताले यस विषयमा गाउँपालिकाले पुर्नविचार गरी स्थानीय नागरीकको आर्थिक अवस्थाको समेत मुल्याङ्कन गरी स्थानीय नागरिकको आर्थिक क्षमताले तिर्न सक्ने गरी मात्र कर, शुल्क तथा दस्तुर लागु गर्नुपर्ने भन्ने स्थानीयहरुवाट आएको माग, रायसुझाव, गुनासो र सार्वजनिक कार्यक्रममा समेत माग भै आएको हुनाले यस विषयलाई मध्यनजर गरी करका दर, दस्तुर, र शुल्कमा केही आवश्यक परिमार्जन गर्नुपर्ने देखिएकोमा राजस्व परामर्श समितिद्धारा आवश्यक परिमार्जन सहित स्थानीय जनताको मागलाई सम्बोधन गर्ने गरी कार्यपालिका बैठकमा समेत छलफल र निर्णय भै गाउँसभा बैठकमा प्रस्तुत अर्थ विधेयक २०८२।०८३ प्रस्तावलाई गाउँसभा बैठकबाट अनुमोदन गरी सर्वसम्मत पारित गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ अनुदान सम्बन्धमा :-**

गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका लिफ्टिङ्ग खानेपानी योजनाको मोटर बिग्रेको अवस्थामा नयाँ मोटर खरिदमा ६० प्रतिशत अनुदान रकम उपलब्ध गराउदै आईएकोमा अबदेखि मोटर बिग्रेमा

स्थलगत प्राविधिक अनुगमन एव्म चेकजाँच गरी बिग्रिएको मोटर मर्मत हुन नसक्ने भनि प्राविधिकले सिफारिस गरेको अवस्थामा मात्र मोटरमा दिइदै आईएको अनुदान उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं. ६ वार्षिक खरिद योजना सम्बन्धमा :-**

गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक खरिद योजना तयार गरी कार्यान्वियन गर्न र गाउँपालिकाको जिन्सी निरीक्षण, जिन्सी लिलाम बिक्री र मिनाहा गर्ने कार्यका लागि गाउँ कार्यपालिकासँग समन्वय गरी कार्य गर्न कार्यालयलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ अधिकार प्रत्यायोजन सम्बन्धमा :-**

गाउँसभाको निर्णयमा नपरेका केही सार्वजनिक महत्वका विषयहरु र अन्य कामहरुको हकमा पछि गाउँसभाबाट अनुमोदन गराउने गरी कार्यपालिकालाई आवश्यक निर्णय लिने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ वार्षिक कार्ययोजना सम्बन्धमा :-**

गाउँपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण योजना तथा कार्यक्रमहरु समयमै संचालन गर्नका लागि वार्षिक कार्ययोजना कार्यालयले बनाई कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ सम्भाव्यता अध्ययन सम्बन्धमा :-**

गाउँपालिकावाट लिइने आन्तरिक आयका कर, दस्तुर, महसुल शुल्क सम्बन्धी विस्तृत राजस्व सम्भाव्यता अध्ययन गर्ने गराउने जिम्मा कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं. १० अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा :-**

गाउँपालिकाको आ.व.२०८०/०८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन प्रस्तुत उपर दफावार छलफल गरियो । उक्त प्रतिवेदनबाट औंल्याइएका पेश्की तथा बेरुजु उपर प्रचलित कानुन बमोजिम फछ्यौटका लागि लेखा समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ क्षमता अभिवृद्धि सम्बन्धमा :-**

जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि हुने खालका छोटो र लामो अवधिका तालिम तथा अवलोकन भ्रमण सम्बन्धी योजना तयार गरी कार्यान्वयनमा लैजानका लागि कार्यपालिकासँग समन्वय गरी कार्य गर्न कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ कर सम्बन्धमा :-**

वडा तहमै गाउँपालिका भित्रका भवन संरचनाको सम्पत्ति कर, घर बहाल कर र बहाल विटौरी संकलन गर्ने अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ बालमैत्री स्थानीय शासन सम्बन्धमा :-**

बालमैत्री स्थानीय शासनको अवधारणा अनुसारका क्रियाकलापलाई थप प्रभावकारी बनाउँदै बालश्रम एवं शोषणरहित गाउँपालिका बनाउन आवश्यक प्रत्यत्न कार्यक्रम गर्ने निर्णय गरियो ।

- (signature) -

**निर्णय नं. १४ वार्षिक तलबी प्रतिवेदन सम्बन्धमा :-**

गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी तथा गाउँपालिकाको आवश्यकताको आधारमा सिर्जित दरबन्दीका कर्मचारीहरुको आ.व.२०८२।०८३ को वार्षिक तलबी प्रतिवेदन पारित गर्नुका साथै मासिक तलव भत्ता भुक्तानी गर्नको लागि कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । वार्षिक तलवीं प्रतिवेदनको विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

**निर्णय नं. १५ अभिलेखिकरण सम्बन्धमा :-**

गाउँपालिकामा विगत देखि सडक मापदण्ड तथा क्षेत्राधिकार पालना नभई निर्माण सम्पन्न भएका तथा वडा नं १ देखि ९ वटै वडाभित्र नक्सा पास विना नै निर्माण भएका आर.सि.सि. पक्कि घर/भवनहरुको नक्सा सहति अभिलेख गर्ने र सम्पत्ति कर प्रयोजनका लागि समेत घर/भवन अभिलेख गर्न अघिल्लो अभिलेखको सूचनाको म्याद पर्याप्त नभएकोले अभिलेखिकरणको कार्य २०८३ अषाढ मसान्तसम्म म्याद थप गर्ने साथै नेपाल सरकारबाट लंगत कट्टा भैनसकेका सडक क्षेत्राधिकार मापदण्ड भित्र परेका घर/भवनको पनि संरचनाको जिम्मा घरधनि स्वयमले लिने गरि अभिलेख गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ कार्यक्रम सञ्चालन सम्बन्धमा :-**

कृषि पशुपंक्षी लगायत विभिन्न विषय क्षेत्रगत रुपमा संयुक्त साभेदारी कार्यक्रम सञ्चालन गर्नका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ सम्मान एवं पुरस्कृत सम्बन्धमा :-**

गाउपालिकाको विकासमा महत्वपूर्ण योगदान पुर्याएका एवं उत्कृष्ट कार्य गर्ने कृषक, गै.स.स. संचारकर्मी, उपभोक्ता समिति, पर्यटन व्यवसायी, निर्माण व्यवसायी, कर्मचारी, आमा समुह, सहकारी संस्था, युवा क्लव, खेलाडी,.साँस्कृतिक टोली, बढी राजस्व संकलन गर्ने वडा आदीलाई कार्यपालिकाको निर्णय अनुसार सम्मानित एवं पुरस्कृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ योजना सम्बन्धमा :-**

उपभोक्ता समितिमार्फत संचालन हुने योजनाहरुको वडा तहमै सम्झौता गर्ने र वैंक खाता खोल्ने अभियानलाई निरन्तरता दिदै योजना स्थलमै कार्य सम्पन्न भए पश्चात स्वीकृत ढाँचामा सार्वजनिक परीक्षण गरेर मात्र अन्तिम भुक्तानी दिने व्यवस्थालाई अनिवार्य वनाउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १९ प्रविधिको उपयोग सम्बन्धमा :-**

गाउँपालिकाको वेभसाईटको उच्चतम प्रयोग गर्दै सूचना प्रविधिको उपयोग मार्फत गाउँपालिकाको महत्वपूर्ण सूचनाहरु वेभसाईटमा राख्ने कार्यलाइ निरन्तरता दिदै योजना कार्यान्वयन तथा गाउँपालिकाका महत्वपूर्ण निर्णयहरुसमेत चुस्त, दुरुस्त र छिटो-छरितो रुपमा सबैमा जानकारी गराउन वेभसाइटको अधिकतम प्रयोग गर्ने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. २० टोल विकास संस्था सम्बन्धमा :-**

(signature)

गाउँपालिकामा गठित भएका सबै टोल विकास संस्थाहरुको समय अवधि एक वर्ष थप गरी टोल विकास संस्थाहरुको कार्यालय संचालार्थ प्रत्यक टोल विकास संस्थालाई रु.५,०००/-(अक्षेरुपी पाँच हजार मात्र) उपलब्ध गराउने र गठन गरिएका टोल विकास संस्थाहरुको क्षमता विकास र विकास निर्माणमा सक्रीय गराउने निर्णय गरियो ।

**निर्णय नं. २१ सुपरीवेक्षण तथा अनुगमन सम्बन्धमा :-**

उपभोक्ता समिति वा ठेक्कापट्टा मार्फत संचालन गरिने योजना एवं संरचनाको सुपरीवेक्षण तथा अनुगमन समितिले अनुगमन गरी प्राविधिक मूल्यांकन, वडा अध्यक्षको सिफारिस र विल भरपाइको आधारमा मात्र भुक्तानी दिने प्रणालीलाई निरन्तरता दिर्दै पेश्की शुन्य प्रणाली लागू गर्ने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. २२ पूर्णखोपयुक्त सम्बन्धमा :-**

गाउँपालिका पूर्णखोपयुक्त घोषणा भइसकेको हुँदा आगामी आ.ब.२०८२/०८३ मा पनि यसलाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिन कार्यपालिकालाई निर्देशन दिईयो ।

**निर्णय नं: २३ सम्भाव्यता अध्ययन तथा सर्वेक्षणका सम्बन्धमा :-**

गाउँपालिका क्षेत्रभित्र खानेपानी, सडक, पुल लगायत विभिन्न भौतिक पूर्वाधार तर्फका सम्भाव्यता अध्ययन तथा सर्वेक्षणका लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरियो ।

**निर्णय नं. २४ योजना तर्जुमा सम्बन्धमा :-**

गाउँपालिकाले कुनै पनि योजना तर्जुमा गर्दा तथ्यमा आधारित योजना प्रक्रिया (Evidence Based Planning Process), आवश्यकतामा आधारित योजना प्रक्रिया (Need Based Planning Process), नतिजामा आधारित योजनाप्रक्रिया (Result Based Planning Process) मा आधारित रही वजेट, नीति तथा कार्यक्रम र योजना छनौट गर्ने कार्यलाई निरन्तरता दिन गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं: २५ अनुमोदन सम्बन्धमा :-**

आ.व. २०८१/०८२ मा कार्यपालिकाको जम्मा २७ वटा वैठक बसी निर्णय भई कार्यान्वयन समेत भइसकेको हुँदा उक्त सम्पूर्ण निर्णयहरु विधिवत भएको हुँदा एकमुष्ट सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं: २६ प्रविधिमैत्री सम्बन्धमा :-**

गाउँपालिका क्षेत्रलाई समय सापेक्ष प्रविधिमैत्री वनाउन विनियोजित बजेटको परिधि भित्र रही आवश्यकता अनुसार इन्टरनेट सेवा, सफ्टवेयर, प्रविधि सम्वन्धी उपकरणको व्यवस्थापनका लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरियो ।

**निर्णय नं. २७ कन्टेन्जेन्सी रकम र जनश्रमदान सम्बन्धमा :-**

भौतिक पूर्वाधार. निर्माणका योजनाहरु कार्यान्वयन गर्दा ३-५ प्रतिशत कन्टेन्जेन्सी रकम योजना रकमवाट गाउँपालिकाले काट्नेछ र यस्तो रकम गाउँ कार्यपालिकाले योजना बनाई आवश्यक र

-क्रमशः-

औचित्य अनुसार खर्च गर्ने निर्णय गरियो । साथै उपभोक्ता समिति, संघ, संस्था, मार्फत गरिने विकास निर्माणका कार्यमा न्यूनतम १० प्रतिशत जनश्रमदान गर्नुपर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गर्न गाउँपालिकालाई निर्देशन दिईयो ।

**निर्णय नं. २८ प्रोत्साहन भत्ता सम्बन्धमा :-**

गाउँपालिकाको गाउँसभाको सत्रौ तथा अठारौ अधिवशेन सम्पन्न गर्न कार्यालय समय भन्दा अतिरिक्त समय काम गरे बापत प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र प्रशासन शाखा प्रमुखलाई खाईपाई आएको एक महिनाको आधारभुत तलब, बरिष्ठ आ.ले.प. अधिकृतलाई ३०,०००।-(एकमुष्ट) शाखा प्रमुख स्थायी, सूचना प्रविधि अधिकृत, लेखा सहायक, वडा सचिवहरु, र कम्प्युटर अपरेटरलाई जनही रु.२०,०००।- (एकमुष्ट) र गाउँपालिकाका कार्यरत स्थायी सहायक तथा कार्यलय सहयोगी कर्मचारीहरुको लागि जनही रु.१०,०००।- (एकमुष्ट) गाउँपालिकाको आन्तरिक स्रोतबाट प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २९ इष्टीमेट र Variation सम्बन्धमा :-**

योजना सञ्चालन गर्दा योजनाको डिजाईन, इष्टीमेट तयार गरी संझौता गरेर मात्र काम शुभारम्भ गर्ने, काबु बाहिरको अवस्था र औचित्य पुष्टि नभई इष्टीमेट र Veriation परिर्वतन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० पेट्रोल सुविधा सम्बन्धमा :-**

शान्ति सुरक्षाका लागि गाउँपालिका भित्र कार्यक्षेत्र रहेका देहायका प्रहरी चौकीहरुलाई निम्न बमोजिम पेट्रोल र सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | प्रहरी चौकी | इन्धन मासिक | मर्मत खर्च (बार्षिक) |
|---|---|---|---|
| १ | राम्दी प्रहरी चौकी | १५ लिटर | ५,०००।- |
| २ | आर्यभञ्जाङ्ग प्रहरी चौकी | १५ लिटर | ५,०००।- |
| ३ | रानीघाट प्रहरी चौकी | १५ लिटर | ५,०००।- |
| ४ | वर्तुङ्ग प्रहरी चौकी | १० लिटर | ५,०००।- |
| ५ | चिलाङ्गदी प्रहरी चौकी | १५ लिटर | ५,०००।- |

**निर्णय नं. ३१ सामुदायिक विद्यालय सम्बन्धमा :-**

गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको नक्साङ्कन, रेखाङ्कन, एकीकरण ग्रेडिङ र दरबन्दी मिलान गर्ने जिम्मा गाउँ कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३२ न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा :-**

आ.व. २०८१।०८२ मा न्यायिक समितिले सम्पन्न गरेका न्याय सम्पादन सम्बन्धी प्रतिवेदन उपर बृहत छलफल गरी सर्वसम्मत पास गर्ने निर्णय गरियो ।

-क्रमशः

– क्रमशः –

**निर्णय नं. ३३ राजस्व परामर्श समितिको निर्णय सम्बन्धमा :-**

आर्थिक वर्ष २०८१।०८२ मा राजस्व परामर्श समितिको बैठक बसी भए गरेका सम्पूर्ण निर्णयहरु विधिवत भएको हुदाँ एकमुष्ठ सम्पूर्ण निर्णयलाई सर्वसम्मतीले अनुमोदन गर्ने र निर्णयलाई पारित गरियो ।

**निर्णय नं. ३४ फिल्ड भत्ता सम्बन्धमा :-**

गाउँपालिकामा कार्यरत इन्जिनियरिङ्ग सेवाका प्राविधिकहरु र करार सेवाको हलुका सवारी चालकलाई कामको सिलसिलामा अत्यधिक मात्रामा फिल्डमा खट्नु पर्ने हुनाले देहाय बमोजिम फिल्ड भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

१) इन्जिनियरलाई मासिक रु. ८,५००।-

२) प्राबिधिक अधिकृत, सब .ई., र अ.सब.ई मासिक रु. ६,०००।-

३) खा.पा.स.टे लाई मासिक रु. ४,०००।-

४) हलुका सवारी चालकलाई मासिक रु. ४,०००।-

**निर्णय नं. ३५ मगर दिवस सम्बन्धमा :-**

बगनासकाली गाउँपालिकामा मगर जातिको बाहुल्यता रहेकोले प्रत्येक वर्ष फागुन १५ गते मगर दिवसको दिन गाउँपालिका क्षेत्रभित्रका सरकारी कार्यालय, संघ संस्था सबैलाई स्थानीय विदा दिने तथा अन्य स्थानीय विदा थप गर्नु परेमा कार्यपालिकाको निर्णय अनुसार गर्न सकिने अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६ सेवा करार र ज्यालादारी सम्बन्धमा :-**

गाउँपालिका अन्तर्गत स्वास्थ्य/कृषि/पशु/आयुर्वेद औषधालय, वडा कार्यालय र गा.पा. कार्यालयमा सेवा करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई २०८२ आषाढ मसान्तसम्मको लागि म्याद थप गरी कामकाज लगाउदै आएकोमा कार्यसम्पादनका आधारमा २०८३ साल असार मसान्तसम्म सेवा करार म्याद थप गर्ने जिम्मा गाउँकार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३७ सामुहिक दुर्घटना बिमा सम्बन्धमा :-**

गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु कामको शिलशिलामा खटिएको अवस्थामा कुनै पनि कर्मचारीहरुको दुर्घटना भएमा रु.१०,००,०००।- (अक्षेरुपी रु. दश लाख) बराबरको सामुहिक दुर्घटना बिमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८ बैठक भत्ता सम्बन्धमा :-**

नियमितकार्य सम्पादन गरे बापत न्यायिक समितिका पदाधिकारीलाई अन्य बैठकका पदाधिकारी र समितिका सदस्यलाई सरह बैठक भत्ता उपलब्ध गराउने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३९ राजपत्र प्रकाशन सम्बन्धमा :-**

क्रमशः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ मा ऋण लिने व्यवस्था रहेको साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले ऋणको सिमा निर्धारण गरी परिपत्र गरेको भएता पनि आ.व. २०८२/०८३ का लागि ऋण नलिने निर्णय गरियो ।

**निर्णय ४५ भवन निर्माण सम्बन्धमा :-**

गाउँपालिका भित्र अभिलेख गर्ने प्रयोजनका भवन बाहेक अब नयाँ निर्माण हुने आर.सि.सि. पक्कि घर/भवनहरुको नक्सा पास तथा गाउँपालिका पूर्व स्वीकृत लिएर मात्र भवन निर्माण गर्ने कार्य कडाईका साथ कार्यन्वयन लागि सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय ४६ आवास सुविधा सम्बन्धमा :-**

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई उपलब्ध गराउदै आएको आवास सुविधालाई यस चालू आ.व.२०८१/०८२ मा समेत निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय ४७ आ.व २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन तथा बेरुजु नियमित गर्ने सम्बन्धमा:-**

आ.व २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा छलफल गरियो । प्रतिवेदनमा औल्याइयका सुझावहरु पालना गर्न तथा असुल गर्नु पर्ने वेरुजुहरुलाई तत्काल पत्राचार गरी असुल गर्न कार्यपालिकालाइ निर्देशन दिने निर्णय गरियो ।प्रमाण कागजात नपुगेका बेरुजुहरुलाई प्रमाण कागजात संकलन गरी संपरीक्षणका लागि तयारी गर्ने र तपसिलका बेरुजुहरु यथार्थ काम सम्पन्न भएको तथा राज्यलाई हानी नोक्सानी नभएको हुँदा लेखा समिति वाट पेश भएका तपसिलका बेरुजु नियमित गर्ने निर्णय गरियो ।

| क्र.सं. | दफा | बेरुजुको ब्यहोरा | नियमित गर्नुपर्ने कारणहरु | रकम रु. |
|---|---|---|---|---|
| १ | ५.२ | प्रकोपजन्य कार्यमा खर्च गर्नुपर्नेमा सिद्धि मा. वि. को फर्निचर व्यवस्थापनमा खर्च गरेकोले खाताको उद्देश्य विपरित खर्च लेखेको रु. | सिद्धि मा.वि.मा फर्निचर व्यवस्था नगर्दा पठनपाठनमा प्रतिकुल प्रभाव पर्ने देखिएको तथा तत्काल खर्च गर्न अन्य शिर्षकमा बजेट नभएकोले अति आवश्यक भइ खर्च गरिएको तथा आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता सहित हाललाई नियमित गर्ने। | ९७०००। |
| २ | ५.२ | मर्मत तथा संभार कोष सञ्चालन कार्यविधि २०८० को दफा ५ अनुसारका तोकिएका क्षेत्रहरुमा खर्च गर्नुपर्नेमा गाउँपालिकाको क्यान्टिन निर्माणको लागि खर्च लेखिएकोले कार्यविधि विपरितको खर्च देखिएको | कार्यालय स्थानान्तरण गर्नको लागि क्यान्टिन निर्माणको लागि अति आवश्यक भइ तत्काल खर्च गर्न अन्य शिर्षकमा वजेट नभएकोले खर्च गरेको तथा आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता सहित हाललाई नियमित गर्ने। | ९९३२६६। |

- [signature] -

| | | | | |
|---|---|---|---|---|
| | | । | | |
| ३ | २१.३ | स्वीकृत दरवन्दी वेगरका करारका कर्मचारी नियुक्त गरि तलब भत्ता भुक्तानी गर्ने कार्य नियमित नदेखिएको । | बिगत देखि नै नियुक्ती भएका वडाहरुको कार्यसम्पादनमा आवश्यक देखिएका कर्मचारीहरुको गाँउपालिकाबाट विगतमा ओ.एन.एम. मा समेत दरवन्दी स्वीकृत गरि राखिएको कर्मचारीहरुलाई तलव भत्ता वितरण गरिएको, हाल नयाँ थप नगरिएको तथा आगामी दिनमा थप सुधार गर्ने प्रतिवद्धता सहित हाललाई नियमित गर्ने। | ३७०१७७६/- |
| ४ | ३९ | स्यानीटरी प्याड खरिदमा सरकारले तोकेको तोकेको स्फेसिफिकेसन बमोजिम भएको नपाइकोले अनियमित भएको । | स्यानीटरी प्याड विद्यालयहरु मार्फत खरिद भएकोमा विद्यालयहरुवाट तोके अनुसार खरिद गरिएको भनि पत्र समेत प्राप्त भएकोले अगामी दिनमा खरिद प्रकृयालाई थप व्यवस्थित गराउने प्रतिवद्धता सहित हाललाई नियमित गर्ने। | ५९६४९०। |
| ५ | ४२ | दरवन्दी भन्दा वढी स्वास्थ्य तर्फका करारका कर्मचारीहरुको तलव भत्ता भुक्तानी नियमसंगत नदेखिएको । | विगत देखि नै नियुक्ती भई स्वास्थ्य संस्थामा कार्यरत भएका करार कर्मचारीहरुको कर्मचारीहरुलाई तलब भत्ता वितरण गरिएको, नयाँ थप नगरिएको र भएकालाइ क्रमशः मिलाउदै लैजाने प्रतिवद्धता सहित हाललाई नियमित गर्ने। | ३०६४७५०। |
| ६ | ५० | खानेपानी उपभोक्ता समितिलाई नागरिकले प्रापत गरेको सुविधा विश्लेषण गरि कार्यविधि वनाइ खर्च लेखु पर्नेमा सो बेगर निर्णयको आभारमा खर्च लेखु नियम संगत नदेखिएको। | एकीकृत अनुदान कार्यविधि बनाइ खानेपानीको विद्युत महशुल अनुदानलाइ समेत व्यवस्थित गरिने भएकोले तथा यसलाई आगामी दिनमा थप सुधार गर्ने प्रतिवद्धता सहित हाललाई नियमित गर्ने। | २५०००००। |

- [signature]

| | | | | |
|---|---|---|---|---|
| ७ | ५३ | छुट्टै वडा कार्यालयको प्रोफाइल वनाउनु नियमसंगत नदेखिएको | आगामी दिनमा वडा प्रोफाइल बनाउने कार्य नगर्ने गरि प्रतिवद्धता सहित हाललाई नियमित गर्ने। | ७५०००। |
| ८ | ६३ | एउटै आपुर्तिकर्तावाट सिमा भन्दा वढीको सोझै पाइप खरिद गरिएको नियमित नदेखिएको । | खरिद गर्दा अभिलेख व्यवस्थित नभएकोले एउटै आपुर्तिकर्तावाट सिमा भन्दा वढीको सोझै पाइप खरिद गरिएकोमा आगामी दिनमा यस्तो त्रुटी नहुने गरि प्रतिवद्धता सहित हाललाई नियमित गर्ने। | ११९५५८०। |
| | | जम्मा | | १,२२,२३,८६२/- |

**निर्णय नं. ४८ अनुदान सम्बन्धमा :-**

गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका लिफ्टिङ्ग खानेपानी योजना संचालन गर्न विद्युत मिटरमा देखिएको विद्युत महसुलको ६० प्रतिशत रकम गाउँपालिकाबाट अनुदानको रुपमा भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. ४९ पेट्रोल (इन्धन) कुपन सम्बन्धमा :-**

गाउँपालिकाको चालु खर्च शीर्षकमा विनियोजित रकमबाट कार्यालयको स्वीकृत दरवन्दी भित्रका कर्मचारीहरुलाई कामको प्रकृति, औचित्यता र आवश्यकताका आधारमा मासिक ५ देखि अधिकत्तम २० लिटर पेट्रोल (इन्धन) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५० धन्यवादज्ञापन सम्बन्धमा :-**

यस अठारौ गाउँसभामा आगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक, बजेट वक्तव्य, ऐन तथा कार्यविधिहरुको तर्जुमा लगायतका प्रकृयामा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहभागी भई सहयोग गर्नुहुने विषयगत समितिका पदाधिकारीहरु, सम्पूर्ण जनप्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाहरु लगायत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवादज्ञापन गर्ने निर्णय गरियो ।